लेखापरीक्षण प्रतिवेदन

हुप्सेकोट गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

हुप्सेकोट गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/420

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
हुप्सेकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
नवलपरासी ब.सु.पू.।

कैफियत सहितको राय

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १० करोड ५५ लाख २६ हजार, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु. १ करोड, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३२ लाख ६० हजार, राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको रु. ८ लाख २६ हजार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट प्राप्त अनुदान रु. १४ लाख ६३ हजार, सामाजिक विकास कार्यक्रमको रु. ३ लाख ६३ हजार र ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट प्राप्त अनुदान रु. १ लाख ५० हजार समेत रु. १२ करोड १५ लाख ८८ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्ब १३ करोड ८३ लाख ०९ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड २८ लाख ३६ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. १४ लाख ५२ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. १ करोड १३ लाख ८५ हजार मध्ये असुल गर्नुपर्ने रू. १३ लाख ९४ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु. ५ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु.२० लाख ३० हजार र पेश्की बाँकी रु. ७३ लाख ७० हजार रहेको छ । गत वर्षसम्म ६ करोड ८५ लाख १२ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट कायम रु. २ लाख ३९ हजार समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ६ करोड ३९ लाख ३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४३	१९	१,२८,३६,२८१	०	७	१४,५१,७४६	०	४३	१२	१,१३,८४,५३६	१३,९३,८७७	२०,३०,२९६	५,९०,३६३	०	०	२६,२०,६५९	७३,७०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नवलपरासी बर्दघाट सुस्तापूर्व	६,८५,१२,०००	0	१,६२,३२,४६७	५,२२,७९,५३३	२,३९,२६६	१,१३,८४,५३६	६,३९,०३,३३५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा नं.	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	२०.१	आन्तरिक लेखापरीक्षणः	३५,४६०
२	२०८०/८१	२४	मू.अ.कर दाखिलाः	१,४१,९३९
३	२०८०/८१	३१	धान दिवस कार्यक्रमः	१४,०००
४	२०८०/८१	३४	बिल भरपाई बेगर भुक्तानीः	८५,०००
५	२०८०/८१	४७	सेनिटरी प्याड खरिदः	२,३७,१०५
६	२०८०/८१	५४	प्रशासकीय भवन निर्माणः	८,९३,२४२
७	२०८०/८१	५६	नागरिक आवास कार्यक्रमः	४५,०००
८	२०७९/८०	४१	उपभोक्ता समितिको कार्यमा लम्पसममा राखी भुक्तानीः	१,१८,५००
९	२०७९/८०	४२	आन्तरिक लेखापरीक्षण:	१,६६,१६८
१०	२०७९/८०	५१	ह्युम पाइप जडान नभएको:	१४,७१,२३१
११	२०७९/८०	४४	कर्मचारी तथा पदाधिकारीको खातामा भुक्तानीः	३,८६,२७९
१२	२०७९/८०	४५	भ्रमण खर्चः	३२,२००
१३	२०७९/८०	४८	अन्य निकायको इन्धन खर्च:	१,३५,८५५
१४	२०७९/८०	५०	ग्याबिन जाली खरिदः	४,८३,०७५
१५	२०७९/८०	५६.३	नदिजन्य पदार्थ उत्खनन कार्यः	१,२२,६६२
१६	२०७९/८०	६१	शिक्षक तलब भत्ता:	३,१८,०००
१७	२०७९/८०	६२	विद्यालय अनुदान:	३,५०,०००
१८	२०७९/८०	६६	पदाधिकारी इन्धन:	०
१९	२०७९/८०	६७	विपद व्यवस्थापन कोष:	१३,९६,३०४
२०	२०७९/८०	७४	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान:	3,५०,०००
२१	२०७९/८०	७७	शिक्षण सिकाइ अनुदान:	२२,७९३
२२	२०७९/८०	८३	शीर्षक फरक पारी खर्च:	५,५७,२४५
२३	२०७९/८०	८९.२	प्रशासनिक भवनः	२१,५५,८९४
२४	२०७९/८०	९१	रिटेन्शन मनीः	१,१५,६७२

२५	२०७८/७९	१६	कार्यसम्पन्न प्रतिवेदन	६७,००,०००
२६	२०७८/७९	२१	निर्देशिकाको पालना नभएको	४,२५०
२७	२०७८/७९	२३	बढी दरमा खरिद	१,४४,४०६
२८	२०७८/७९	२६	कृषि परामर्शदाता	४,८०,०००
२९	२०७८/७९	४०	खानेपानी पाईप जडान	६,१०,२३०
३०	२०७७/७८	१७.६	विविध तर्फः	९९,२००
३१	२०७७/७८	१८.१	प्रशासनिक खर्चः	४,५०३
३२	२०७७/७८	२७.४	सामाजिक सुरक्षा तर्फः	८,०००
जम्मा				१,७६,८४,२१३

(८०४४६५०४३०० - हुप्सेकोट गाउँपालिका, नवलपुर)

परिचय

१ **परिचयः**

क) कार्यालय परिचय:- संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसूचीमा उल्लेखित कार्यहरु सम्पादन मार्फत नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।

ख) लेखापरीक्षणको उद्देश्य:- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

ग) लेखापरीक्षणको क्षेत्र र अवधि:- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।१७ देखि २०८१।०९।२० सम्म रहेको छ ।

घ) लेखापरीक्षण विधि:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

ङ) लेखापरीक्षणको सीमा:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

च) आर्थिक कारोबारको स्थिति:- पालिकाको गत वर्षको जिम्मेवारी अल्या रु. ५०२३६७१९.९५ , यस वर्षको जम्मा आम्दानी रु.५६४३५०३३२.१८ , यस वर्षको जम्मा खर्च रु. ५७३९५९१३२.६२ र यस वर्षको बाँकी मौज्दात रु. ४०६२७९१९.५१ रहेकोमा रु. १ अर्ब १३ करोड ८३ लाख ९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

ज) लेखापरीक्षणको क्रममा असुली:- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५८१७८ असुल भई दाखिला गरेको प्रमाण पेश भएको छ ।

सि.नं.	विवरण	रकम रु.
१	दोहोरो भुक्तानी भएको बैठक भत्ता तथा दैनिक भ्रमण भत्ता बापतको रकम असुल हुनुपर्ने भनी आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा सम्बन्धित ११ जना कर्मचारीबाट असुल भइ दाखिला भएको प्रमाण पेश भएको । (जम्मा - रु. ३४०००)	३४०००
२	सीप विकास तालिम कार्यक्रम बापत उद्यम विकास सहजकर्ता गिता कार्कीलाई भुक्तानी गर्दा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला भएको ।	९७८
३	कार्यालयमा उपस्थित भई बैठक भत्ता तथा अनुगमन भत्ता समेत बुझेको समयमा काजमा खटिएको उल्लेख गरी दैनिक भ्रमण भत्ता भुक्तानी लिएकोले दोहोरो भएको दैनिक भ्रमण भत्ता बापतको रकम सम्बन्धित ४ जना कर्मचारीबाट असुल भइ दाखिला भएको प्रमाण पेश भएको । (जम्मा - रु. २३२००)	२३२००
	जम्मा रु.	५८१७८

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्याङ्कमा एकरुपता देखिएको छैन।

• कतिपय सन्दर्भमा भ्रमण अभिलेख नै नराखी भ्रमण जाने गरेको देखिएको छ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई उपभोग र वितरणमुखी रुपमा कार्यक्रम सञ्चालन भएको देखिएको छ।

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै पनि कारबाही भएको छैन।

• पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वा अद्यावधिक नवीकरण भएको सम्बन्धमा कुनै पनि अभिलेख राखेको पाइएन।

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो गरेको छैन।

• सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोबारसँग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसँग सम्बन्धित प्रणालीको नियन्त्रण व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म.ले.प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागु नगरेको र त्यसको अभिलेख म.ले.प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थालाई ध्यान दिई भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन।

• बेरुजु लगतका लागि म.ले.प. फारामको व्यवस्था गरिएको छ । म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फाराममा तोकिए बमोजिम बेरुजुको अभिलेख राखेको छैन।

• पालिकाले म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म.ले.प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत सम्बन्धमा अद्यावधिक अभिलेख राखेको छैन।

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिबाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने तर्फ कार्यालयले ध्यान दिनु पर्नेमा सो को पालना भएको देखिएन।

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन बापतको रकम भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन। यसबाट गत विगतका बेरुजु तथा पेश्की हराउने वा छुट्नेहुँदा यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

उपरोक्त बुँदा समेतलाई ध्यान दिई पालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ गर्नुपर्दछ।

३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पूर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत बढाउनुपर्ने देखिन्छ ।

क्र.सं.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	३६०६७४८९	३०२६१४९९	८३.९०
२	पूर्वाधार विकास	११३६०५०००	७०९४२४६०	६२.४५
३	सामाजिक विकास	२५९३७०६६	२२५३२४५५०.३७	८६.८७
४	सुशासन तथा अन्तर सम्बन्धित	२४४२६०००	१८९३९६३७	७७.५४
५	कार्यालय संचालन तथा प्रशासनिक	९६५५५६७४	८३८५०९३५.६२	८६.८४
	जम्मा	५३००२४७६३	८२९३१९०८२.०८	८०.९९

पालिकाले क्षेत्रगत वार्षिक बजेट पूर्वाधार विकासमा सबैभन्दा कम ६२.४५ प्रतिशत तथा सामाजिक विकास र कार्यालय संचालन तथा प्रशासनिक अन्तर्गत सबैभन्दा बढी ८६.८० प्रतिशत खर्च गरेको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ ।

४ **आन्तरिक आयको योगदानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२८६४१०८८०	८३२७६२२	२.९१

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.९१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको २०८०।८१ को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १,००,००,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. ८३,२७,६२२.०० अर्थात अनुमानको ८३.२७ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गरी आन्तरिक आयबाटै आत्मनिर्भर बन्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

७ न्यायिक समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गतवर्षको बाँकी ५ र यस वर्ष दर्ता भएको ४८ समेत जम्मा ५३ विवादमध्ये ४३ वटा विवादको सम्बन्धमा स्थानीय न्यायिक समिति मार्फत फछ्र्यौट भई १० वटा विवाद फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

८ कर्मचारी कल्याण कोषः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबरको रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म ऐनको व्यवस्था बमोजिम अवकाश कोषको व्यवस्था गरेको छैन भने यस वर्ष कर्मचारी कल्याण कोष शिर्षकमा रु. १० लाख विनियोजन गरेकोमा सो रकम कर्मचारी कल्याण कोषमा जम्मा गरेको देखिएन । हालसम्म कर्मचारी कोषमा रु. १२ लाख जम्मा भएको देखिन्छ । पालिकाले कर्मचारी कल्याण कोषको सञ्चालन, कोषमा कर्मचारीको योगदान र कोषबाट कर्मचारीले पाउने सुविधा सम्बन्धमा कुनै पनि कानुनी व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन । तसर्थ कर्मचारी कल्याण कोषको सञ्चालन सम्बन्धमा कानुनी व्यवस्था गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

९ विभाज्य कोषको रकम बाँडफाँड हुन बाँकीः

गण्डकी प्रदेश आर्थिक ऐन, २०८० को दफा ८(५) मा प्राकृतिक स्रोतबाट संकलन गरी विभाज्य कोषमा रहेको मुल्य अभिबृद्धि कर बाहेको रकम मध्ये साठी प्रतिशत सम्बन्धित स्थानिय तहमा राख्ने र बाँकी रकम प्रदेश संचितकोष दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ । यस पालिकले ढुंगा, गिट्टि तथा बालुवा जस्ता प्राकृतिक स्रोतको बिक्रि वितरणबाट प्राप्त गरेको सम्पुर्ण रकम रु. १२३३७८४.०० प्रदेश संचितकोष र स्थानीय संचितकोषमा वितरण गरेको पाईएन । यस पालिकाको विभाज्य कोषमा रहेको रकम मध्ये बाडफाड गरी देहाय अनुसार हुने रकम सम्बन्धित संचितकोषमा दाखिला गर्नु पर्ने देखिएको छ ।

क्र.सं.	कोष	रकम
१	प्रदेशसंचित कोष (४०% ले हुने रकम)	४९३५१३.६०
	जम्मा	**४९३५१३.६०**

नोटः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क-३) मा दहत्तर बहत्तर तथा नदि जन्य पदार्थको बिक्रिबाट प्राप्त आम्दानी स्थानीय संचित कोष दाखिला गर्नु पर्ने व्यवस्था भए अनुसार स्थानीय संचितकोषमा दाखिला गरेको कार्यालयको भनाई रहेको छ ।

१० **योजनाको प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नानुसार १४५ योजनामा बजेट विनियोजन गरेको छ ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु. २० लाख माथिका योजना	रु. ५ लाख देखि २० लाख सम्मका योजना	रु. ५ लाख भन्दा कमका योजना
१.	पालिकास्तरीय	३७	१६	२१	०
२.	वडास्तरीय	१०८	०	३४	७४
	जम्मा	१४५	१६	५५	७४

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये कतिपय योजनामा शुन्य प्रगति देखिएको हुँदा कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

११ **लैङ्गिक हिंसा निवारण कोषः**

लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, (दोस्रो संशोधन) २०७६ को नियम ३.ख(१) मा स्थानीय तहले स्थानीय कानुन बमोजिम स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्न सक्ने व्यवस्था छ । पालिकाले लैङ्गिक हिंसा निवारण कोषको सञ्चालन सम्बन्धमा कुनै पनि कानुनी व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन । कानुनी व्यवस्था नगरी बजेट विनियोजनको आधारमा कोषमा रकम जम्मा गर्ने गरिएकोमा यस वर्ष पालिकाले लैङ्गिक हिंसा निवारण कोष शिर्षकमा रु. ५० हजार विनियोजन गरेपनि कोषमा रकम जम्मा गरेको छैन । उक्त कोषबाट यस वर्ष रु. १९००० खर्च लेखिएको छ भने हाल उक्त कोषमा रु. ३३१०००।०० मौज्दात रहेको देखिन्छ । तसर्थ लैङ्गिक हिंसा निवारण कोषको विधिसम्मत सञ्चालन सम्बन्धमा कानुनी व्यवस्था गरी सोही बमोजिम रकम जम्मा गर्ने र खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१२ **बजेट सिमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१३ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०, २७२ र २७५) तयार गर्नुपर्छ । पालिकाले

सामाजिक सुरक्षा तथा संरक्षण वापत रु. १०,५५,२६,३३३.००, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु. १,००,००,०००.००, राष्ट्रपति महिला सशक्तिकरण परियोजना रु. ८,२५,६००.००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. ३२,६०,०००.००, उद्योग पर्यटन वन वातावरण मन्त्रालय रु. १४,६२,८९१.००, सामाजिक विकास कार्यक्रम रु. ३,६३,०२०.००, उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय रु. १,५०,०००.०० समेत गरी रु. १२,१५,८७,८४४.०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१४ **पेश्की जोखिममाः**

खरिद सम्झौता अनुसार भुक्तानी भएको पेश्की रकमको सुरक्षा वापत पेश्की जमानत राख्नु पर्ने र सो को अवधी सम्झौताको अवधी सम्म हुनु पर्दछ । यस पालिकाले निर्माण गरिरहेको हुप्सेकोट शित भण्डार भवन निर्माणको लागी भएको पेश्की भुक्तानी वापत राखिएको पेश्की जमानतको म्याद समाप्त भएको पाईयो । पेश्की जमानतको म्याद समाप्त हुदा समेत सो को म्याद थप गर्न कार्यालयले कुनै कारवाही अगाडी बढाएको नदेखिदा यस कार्यको लागी साईट हेर्न तोकिएको प्राविधिकलाई यस सम्बन्धमा जिम्मेवार बनाउनु पर्दछ । साथै निर्माण व्यवसायीबाट पेश गरिएका पेश्की जमानतको म्याद समाप्त भएको एक वर्ष भन्दा बढी समय भएको देखिदा पेश्की रकम जोखिममा रहेको छ । कार्यालयले निर्माण कार्यको म्याद २०८१।०९।३० सम्म थप गरेको अवस्थामा समेत पेश्की जमानतको अवधी थप गरेको नदेखिँदा देहाय अनुसार निर्माण व्यवासायीलाई भुक्तानी भएको पेश्की रकम सम्बन्धित बाट असुल गरी फस्र्योट हुनु पर्ने रु.

क्र.सं.	पेश्की लिनेको विवरण	चालु आ.व.को पेश्की	गत आ.व.को पेश्की	जम्मा पेश्की	कैफियत
१	दया श्री कन्सट्रक्सन प्रा.लि. (रुद्रपुरगढी संरक्षण तथा पर्यटन प्रवर्धन कार्यक्रम)	०	२८७००००	२८७००००	मिति २०८१।०२।२९ मा जमानतको म्याद समाप्त भएको ।
२	देवचुली कन्सट्रक्सन प्रा.ली. (कृषि उपज केन्द्र कोल्डस्टोर निर्माण)	०	४७८३२१९	४७८३२१९	मिति २०८०।०१।३० मै जमातनको म्याद समाप्त भएकोमा रु २८३२१९ पेश्कि रकम आर्थिक वर्ष २०७९।८० को अन्तिम प्रतिवेदनमा लगती कायम भएको हुँदा रु ४५ लाख मात्र लगती गरिएको ।
जम्मा		०	७६५३२१९	७६५३२१९	

पेश्की	७३,७०,०००

१५ **मर्मत सम्भार खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन र मेशिनरी औजार मर्मत सम्भारको लागि रु. ४९ लाख बजेट विनियोजन गरेकोमा मर्मत सम्भारमा जम्मा रु. ४९ लाख नै खर्च गरेको छ । मर्मत सम्भारमा भएको खर्च मध्ये अधिकांश खर्चको सम्बन्धमा लागत अनुमान तयार गरेको पाइएन भने मर्मत सम्भार तथा संरक्षण खर्च सम्बन्धमा एकीकृत अभिलेख समेत राखेको पाइएन । तसर्थ मर्मत सम्भार सम्बन्धी खर्च गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१६ **सेवा प्रवाह विवरणः**

पालिकाबाट यस वर्षको सेवाप्रवाह सम्बन्धमा निम्नानुसार विवरण प्राप्त भएको छ ।

विवरण	जम्मा
घरजग्गा नक्शा पास	११
जन्म दर्ता	४६७
मृत्यु दर्ता	१८७
विवाह दर्ता	२५७
बसाइँसराई दर्ता	१७५
सम्बन्ध विच्छेद दर्ता	३६

यस पालिकाको बजार क्षेत्र विस्तारको क्रममा रहेकोले नयाँ घर तथा अन्य स्थायी संरचना निर्माण भइरहेको देखिन्छ तर पालिकाबाट प्राप्त विवरण अनुसार घरजग्गा नक्सापास अत्यन्तै न्यून भएको देखियो । यस सम्बन्धमा अनुगमन गरी भवन संहिता र प्रचलित अन्य ऐन कानुन बमोजिम नक्सापासलाई अनिवार्य कार्यान्वयन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ।

१७ **कानुन निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकाले हाल सम्म १७ वटा ऐन र नियमावली, कार्यविधि तथा मापदण्ड लगायत अन्य ६८ समेत गरी ८५ कानुन स्वीकृत गरेको छ । तर्जुमा भएका ऐन कानुनहरुको प्रभावकारी रुपमा कार्यान्वयन तथा समयानुकूल परिमार्जन समेत हुनुपर्दछ ।

१८ **पेश्की फछर्योटः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) अनुसार पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र पेश्की फछाँट गर्नुपने व्यवस्या छ । यस पालिकाले उपलब्ध गराएको फस्यौंट हुन बाँकी पेश्की देहाय अनुसारको पेश्की फस्यौंट हुन बाँकी रहेको देखियो । पेश्की बाँकी मध्ये नेपाल विद्युत प्राधिकरण, कावासोती केन्द्रलाई भक्तानी भएको पेश्की रु. १८५७५१९.००, नेशनल प्रोग्राम सेन्टर प्रा.लि.को रु. ५,९८,५००.०० तथा युनिक विल्डर्सको रु. २९५७५६.०० आर्थिक वर्ष २०७८/७९ मै भुक्तानी भई सोही वर्षको अन्तिम प्रतिवेदनमा असुल फस्यौंट हुनु पर्ने भनी बेरुजु औँल्याईएकोमा यस आर्थिक वर्ष सम्म समेत फस्यौंट भएको देखिएन । पेश्कि भुक्तानी भएको लामो समय सम्म सो पेश्की भुक्तानी काम भएको नदेखिदा भुक्तानी भएको पेश्कीको सार्वजनिक खरिद नयमावली,२०६४ को नियम ११३(६) अनुसार व्याज समेत असुल गरी फस्यौंट हुनु पर्ने देखिन्छ । भुक्तानी भएको पेश्की रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ को उपनियम ४ अनुसार फछौट गर्नुपर्दछ । कार्यालयको फस्यौंट हुन बाँकी रहेको पेश्की देहाय अनुसार रहेको र सो पेश्की मध्ये देवचुली कन्सट्रक्सन प्रा.लि. र दया श्री कन्स्ट्रक्सन प्रा.को पेश्की जमानतको म्याद समाप्त भएको हुदा सो वापत भुक्तानी भएको पेश्की रकम सम्बन्धितबाट असुल गरी फस्यौंट हुनु पर्दछ।

पेश्कीको विवरण	पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम	चालु आर्थिक वर्षको	गत आर्थिक वर्षसम्मको	कुल जम्मा
१) निर्माण व्यवसायीको पेश्की				
रुद्रपुरगढी संरक्षण तथा पर्यटन प्रवर्धन कार्यक्रम	दयाश्री कन्स्ट्रक्सन प्रा.लि.	०	२८७००००	२८७००००
कृषि उपजकेन्द्र कोल्डस्टोर निर्माण	देवचुली कन्स्ट्रक्सन प्रा.लि.	०	४७८३२१९	४७८३२१९
जम्मा		०	७६५३२१९.	७६५३२१९.
२) संस्थागत पेश्की				
उज्यालो हुप्सेकोट कार्यक्रम	नेपाल विद्युत प्राधिकरण, कावासोती	०	१५०००००	१५०००००
सोलार जडान झ्यालवास डण्डा सडकको पत्थरखोला पुलसम्म सडक बत्ति सोलार जडान	नेपाल विद्युत प्राधिकरण, कावासोती	०	३५७५१९	३५७५१९
नमुना आवासिय विद्यालय स्थापनार्थ आवश्यक बजेट	नेशनल प्रोग्राम सेन्टर प्रा.लि.	०	५९८५००	५९८५००
गाउँपालिकाको कार्यालय जाने बाटो	युनिक बिल्डर्स	०	२९४७५६	२९४७५६
जम्मा (आर्थिक वर्ष २०७८।७९ को अन्तिम प्रतिवेदनमा लगती कायम गरिएको)		०	२७५०७७५	२७५०७७५
जम्मा पेश्की बाँकी रु.			१०४०३९९४	**१०४०३९९४**

नोटः कार्यालयले हुप्सेकोट प्राविधिक शिक्षालयको भवन निर्माणार्थ निर्माण व्यवसायी श्री देवचुली निर्माण सेवाको फस्र्यौट हुन बाँकी रहेको पेश्की आर्थिक वर्ष २०८१।८२ (लेखापरीक्षण अवधी सम्ममा फस्र्यौट) मा गो.भौ.नं. ३ मिति २०८१।०७।१४ बाट रु. ५१०००००.००, बालमैत्री कार्यक्रम संचालनको लागी कर्मचारी श्री रवी काफ्लेले लिएको पेश्की रु. १०००००.०० गो.भौ.नं. ११९ मिति २०८१।०८।२१ बाट र विविध खर्च वापत कार्यालय सहयोगी श्री चोप बहादुर सिंह ले लिएको पेश्की रु. २००००.०० गो.भौ.नं. १०३ मिति २०८१।०८।११ बाट फछर्यौट भएको छ ।

१९ **म्याद समाप्ति पश्चात् पेश्की फछर्यौटः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा पेश्की भुक्तानी गर्दा सोको फस्र्यौट गर्ने मान्य अवधी भन्दा एक महिना बढीको म्याद भएको बैंक जमानत पेश गर्न लगाउनु पर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका योजनामा पेश्की भुक्तानी वापत राखिएको बैंक जमानतको म्याद समाप्त हुदा समेत कार्यालयको तर्फबाट म्याद थप गराउन माग नगरिएको तथा निर्माण व्यवसायीले नै स्वतः म्याद थप गरेको नदेखिदा म्याद समाप्त पश्चातको अवधिमा पेश्की रकम जोखिममा रहेको पाईयो । कार्यालयले पेश्की फस्र्यौट गरे तापनि जमानतको म्याद समाप्त भए पछी मात्र फस्र्यौट भएको देखिदा सो म्याद समाप्त भए पश्चातको अवधीको पेश्कीको सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई देहाय अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) बमोजिम लाग्ने व्याज असुल हुनु पर्ने रु.

क्र.सं.	निर्माण व्यवसायी	रकम	म्याद रहेको	फस्र्यौट	म्याद पश्चातको अवधि	१०% ब्याज
२	हुप्सेकोट टेक्निकल विद्यालय (देवचुली कन्सट्रक्सन प्रा.लि.)	६००००००	२०८०।०८।०७	नभएको (ले.प. अवधि २०८१।०९।२० सम्मको ब्याज)	११ महिना ०७ दिन	५६१५०.००
		४५०००००	२०८१।०१।०६		६ महिना ८ दिन	२३३७३७.५०
३	कृषि उपज केन्द्र शित भण्डार निर्माण (देवचुली कन्सट्रक्सन प्रा.लि.)	३५६००००	२०८०।०३।०७	२०८०।०७।२४	४.५ महिना	१३३५००.००
		३८३२१९	२०८०।०३।०७	नभएको (ले.प. अवधि २०८१।०९२० सम्मको ब्याज)	१८.५ महिना	५९०९२.००
		४४०००००	२०८०।०१।३०		१९.६७ महिना	७२१२३३.००
जम्मा						१२०३७१२.५०

असुल गर्नुपर्ने	१२,०३,७१२.५

२० **आन्तरिक लेखापरीक्षणः**

आन्तरिक लेखापरीक्षणबाट औँल्याइएका व्यहोराहरु अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गरी आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक लेखापरीक्षकबाट २०८१।०८।१७ मा पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश भएकोमा निम्नानुसारका व्यहोरा फछ्र्यौट हुन बाँकी देखिएकोले तपशिल बमोजिम फछ्र्यौट हुनुपर्ने गरी कायम गरिएको छ ।

२०.१ **प्रमाण पेश नगरेकोः**

..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३५,४६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२०.२ **नियमित हुनुपर्नेः** आन्तरिक लेखापरीक्षणबाट देखिएका नियमित गर्नु पर्ने व्यहोराहरु देहाय अनुसार रहेका छन् ।

क्र.सं.	भौ.नं. र मिति	विवरण	रकम रु.	कैफियत
१	३५ - २०८०।०८।१४	वडा नं. १ को धारा पोखरी चौतारी निर्माणको योजना सम्झौता मिति भन्दा अगाडिको बिल भरपाई रहेकोले अनियमित भएको ।	९३९४५	
२	२१८ - २०८०।०३।२३	वडा नं. ३ सिरानचोक देखि कृषिचोक सम्मको बाटो स्तरोन्नती योजनामा सम्झौता मितिभन्दा अगाडिको बिल भरपाई रहेकोले अनियमित भएको ।	१९६६२०	
जम्मा रु.			२९०५६५	

अनियमित भएको	२,९०,५६५

२१ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय/व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो बर्ष आकस्मिक तथा अन्य भैपरी शिर्षकमा ७ वटा कार्य गरे वापत कार्यपालिको निर्णय अनुसार रु. ११४३५३२.०० रकम अबण्डा राखी खर्च लेखेको छ । यसरी बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

२२ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १०,८०,६५१.०० कर सङ्कलन गरेको देखियो । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको नदेखिदा पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण करदाताको नक्साङ्कन (Taxpayer Mapping) गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

२३ **सामुदायिक वनबाट आयः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

२४ **मू.अ.कर दाखिलाः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१४१,९३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२५ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रुपमा पहिचान भएका राजस्वका सबै श्रोतहरु उचीत तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन । पालिकाले वडागत रुपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ । साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	आम्दानी शीर्षक	अनुमान	प्राप्ति
१	सम्पत्ति कर	५००००	२९६१९८
२	भुमिकर/मालपोत	१००००००	४३५४९५
३	घरजग्गा रजिष्ट्रेशन दस्तुर	-	-
४	वहालकर	१००००००	८२०३६५
५	वहाल विटौरी कर	-	-
६	सवारीसाधन कर (सानासवारी)	-	-
७	कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	-	-
८	अखेटोपहारमालाग्नेकर	-	-
९	न्यायिक दस्तुर	१००००	-
१०	परीक्षा शुल्क	१५०००	-
११	अन्य प्रशासनिक सेवा शुल्क	३०००००	७४०००
१२	नक्सापास दस्तुर	५०००००	-
१३	सिफारिश दस्तुर	१५०००००	-
१४	व्यक्तिगत घटना दर्ता दस्तुर	२५००००	-
१५	नाता प्रमाणित दस्तुर	५०००००	-
१६	अन्य दस्तुर	१५००००	४१८६५५८
१७	व्यावसाय रजिष्ट्रेशन दस्तुर	६०००००	
१८	प्रशासनिक दण्डजरिवाना र जफत	३५००००	४३१०००
१९	व्यवसाय कर	४०००००	१०८०६५१
२०	अन्य क्षेत्रको आय	१५७५०००	१००३३५५
जम्मा		१००००००	८३२७६२२

माथि उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८०।८१ मा रु. १,००,००,०००.०० असुली हुने अनुमान गरेकोमा रु ८३,२७,६२२.०० मात्र असुली गरेको छ जुन असुली अनुमानको ८३.२७ प्रतिशत देखिए तापनि कतिपय आम्दानी शिर्षकमा असुली शुन्य देखिन्छ । अनुमान गरिएको शिर्षक अनुसारको असुली र कतिपय शिर्षकमा अनुमाननै न्यून गरिएको देखिदा अनुमान बढाई सोहि अनुसारको आम्दानी गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

२६ **नदीजन्य पदार्थ बिक्री आयः**

पालिकाले आफ्नो क्षेत्रभित्रका खोलाहरुबाट नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलनको लागि ४ प्याकेजमा पटक पटक खुला रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरेकोमा कुनै पनि प्याकेजमा कबोल पेश नभएको कारण आय ठेक्का व्यवस्थापन नभएको पाइयो । आय ठेक्का नलागे पनि पालिकाले यो वर्ष अमानतबाट रु. १२३३७८४ असुल गरेको छ । पालिकाको क्षेत्रमा पालिकाको साथै अन्य निकायबाट स्थानीय सामग्री प्रयोग गरी निर्माण कार्य भइरहेको सम्बन्धमा अन्य निकायसँग समन्वय साथै अनुगमनलाई कडाइ गरी पालिकाको आन्तरिक आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा शिक्षा र स्वास्थ्य सेवा बाहेक प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी

स्वीकृत रहेकोमा विभिन्न ३० पदमा पदपूर्ति भई १ जना कम्प्युटर अपरेटरको पद रिक्त देखिन्छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्न नदिन रिक्त पदमा यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

२८ **इन्धन खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चत मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले यस वर्ष इन्धन शिर्षकमा रु. ५० लाख बजेट विनियोजन गरेकोमा पदाधिकारी, कर्मचारी तथा हेभी इक्युपमेन्ट सञ्चालन समेतको इन्धनका लागि जम्मा रु. ३२ लाख २९ हजार खर्च गरेको छ । इन्धन खर्चलाई यथासम्भव मितव्ययी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२९ **तलब भत्ता भुक्तानीः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेखु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष पालिकाका २४ स्थायी कर्मचारीको तलब भत्तामा रु. १६००५०००।०० र सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३२ जना कर्मचारीको तलब भत्तामा रु. १५६६०२१७।०० खर्च लेखेको छ ।

तलब भत्ता भुक्तानी सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन्।

फरक शिर्षकमा खर्चः गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ को उपनियम १ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले खर्च लेख्दा बजेटमा विनियोजन भएबमोजिम सम्बन्धित खर्च शिर्षकबाट खर्च लेख्नुपर्दछ । पालिकाले यस वर्ष आधारभूत स्वास्थ्य केन्द्रहरुमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक भुक्तानी गर्दा स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, अस्पताल तथा आयुर्वेदका कर्मचारीहरुको तलब तथा महंगी भत्ता शिर्षकबाट भुक्तानी गर्नुपर्नेमा स्वास्थ्य तर्फका दरबन्दी करार सेवामा कार्यरत १५ जना कर्मचारीहरुको जेष्ठ महिनाको पारिश्रमिक रु. ४०३२२८।०० करार सेवा शुल्क शिर्षकबाट र स्वास्थ्य तर्फका १७ जना स्थायी कर्मचारीको असार महिनाको पारिश्रमिक रु. ९५९८५९।०० पारिश्रमिक कर्मचारी शिर्षकबाट भुक्तानी गरी फरक शिर्षकबाट रु. १३६३०८७।०० खर्च लेखेको पाइयो । यसरी बजेटमा विनियोजन भए भन्दा फरक शिर्षकबाट खर्च लेखेको रकम नियम सम्मत नभएकोले नियमित हुनुपर्ने रु.

अनियमित भएको	१३,६३,०८७

३० **लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादन सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै विक्रि गरि प्राप्त रकम तोकिएबमोजिमको राजस्व खातामा जम्मा गर्नु पर्ने तथा उक्त सामान कहीँ पनि विक्री नभएमा स्टोर दाखिला गरी यथाशिघ्र लिलाम विक्रि गर्नुपर्ने व्यवस्था रहेको छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत पालिकालाई संघीय सशर्त अनुदान तर्फ रु. १२ लाख बजेट विनियोजन भएकोमा पालिकाले तालिम सञ्चालन, प्रविधि हस्तान्तरण तथा उद्यम विकास सहजकर्ताको पारिश्रमिक समेत जम्मा रु. ९५८०००।०० खर्च गरेको छ ।

क्र.सं.	कार्यक्रम /प्यकेजको नाम	विस्तृत विवरण	खर्च रु.	कैफियत
१.	प्रविधि हस्तान्तरण	चौतारी लघु उद्यमी बाख्रा समूहलाई ४० वटा डिपिङ ट्याङ्की	९०३३२	२० प्रतिशत साझेदारीमा हस्तान्तरण
२.	नयाँ उद्यमी सिर्जना तालिम	(बुटिक - १२ जनालाई ३० दिन, ब्युटिसियन - १८ जनालाई ३० दिन)	३६८८२०	तालिममा उत्पादित सामग्रीको जिन्सी दाखिला, बिक्री तथा आयआर्जन सम्बन्धी अभिलेख नराखिएको ।
३.	स्तरोन्नति तालिम	(बुटिक - १० जनालाई १२ दिन, ब्युटिसियन - १५ जनालाई १० दिन)	१७४६६२	
	जम्मा खर्च रु.		६३३८१४	

पालिकाले आ.व. २०८०।८१ मा बुटिक सम्बन्धी सीप विकास तालिम सञ्चालन गरेकोमा सो तालिमबाट उत्पादित सामग्रीहरुको अभिलेख राखेको छैन । तालिमको क्रममा उत्पादित सामग्रीहरुको जिन्सी दाखिला, बिक्री तथा आयआर्जन सम्बन्धमा कुनै पनि अभिलेख प्राप्त नभएकाले एकातिर गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को पालना भएको छैन भने अर्कोतिर यसरी सञ्चालन भएका तालिमहरु व्यवसायिक उद्यमशीलता विकासमा प्रभावकारी नहुने भएकोले निर्देशिकाको पूर्ण पालना गरेर कार्यक्रम सञ्चालन गर्नुगराउनुपर्दछ ।

३१ **धान दिवस कार्यक्रमः**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **१४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३२ **पानी तथा बिजुलीः**

विद्युत प्राधिकरणबाट आवधिक रुपमा बिल प्राप्त भए पश्चात् तोकिएको म्याद भित्र महशुल बुझाई सरकारी कोषको प्रभावकारी परिचालन गर्नुपर्दछ । पालिकाको यस वर्षको पानी तथा बिजुली महशुल सम्बन्धी खर्चको स्रेस्ता नमुना परीक्षणमा मिति २०८०।०६।१४ मा भौचर नं. १२४ बाट जनस्वास्थ्य अधिकृत कृष्णप्रसाद सापकोटको पेश्की रु. २७७१०२।०० फछ्र्यौट गर्दा समयमै विद्युत महशुल भुक्तानी नगरेको कारण विलम्ब जरिबाना स्वरुप यस वर्ष रु. ४४७९४।११ थप दस्तुर तिर्नुपरेको पाइयो । विद्युत महशूल समयमै भुक्तानी गरी रिबेट समेत लिन सकिने व्यवस्था रहेकोमा समयमा महशुल भुक्तानी नगरेको कारण जरिबाना तिर्नुपर्दा पालिकालाई थप व्ययभार परेको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

अनियमित भएको	४४,७९४.११

३३ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले ७५३ वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार सञ्चालन कार्यविधि, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । कार्यक्रम अन्तर्गत यस आ.व.मा पालिकामा सिँचाइ कुलो र नाला मर्मत तथा बाटो सरसफाइ, पदमार्ग मर्मत सम्भार, चौतारी मर्मत लगायतका प्याकेजमा निर्माण, मर्मत तथा सरसफाइका १४ वटा प्याकेजमा कार्यक्रम सञ्चालन गरी जम्मा ५३३ जना सूचीकृत बेरोजगारहरु मध्ये १४९ जनालाई औसत ५२ दिनका दरले जम्मा ७७७५ दिन रोजगारी उपलव्ध गराई ज्याला बापत कुल रु. ५१ लाख ९३ हजार ७०० खर्च गरेको छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु. ७२३००००।०० मध्ये लक्षित वर्गलाई औसत ५२ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत रु. ७१०७१३०।०० खर्च लेखेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना

अभिवृद्धि तथा दीर्घकालीन रोजगारी सिर्जनामा प्रभावकारी योगदान पुगेको देखिँदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३४ **बिल भरपाई बेगर भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **८५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३५ **पदाधिकारी सेव सुविधाः**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी सेवा सुविधा शिर्षकमा रु. ७५ लाख विनियोजन गरेकोमा ३४ जना जनप्रतिनिधिहरुको सेवा सुविधा बापत जम्मा रु. ७२ लाख ५० हजार खर्च गरेको छ । जसमा जनप्रतिनिधिको चाडपर्व खर्च र १२ महिनाको सेवा सुविधा बापतको भुक्तानी समावेश छ ।

३६ **पदाधिकारी बैठक भत्ताः**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ । गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ को उपनियम १ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष पदाधिकारी बैठक भत्ता शिर्षकमा रु. ३० लाख विनियोजन गरेकोमा कार्यपालिका बैठक, विषयगत समितिहरुको बैठक, न्यायिक समितिको बैठक तथा वडा समितिहरुको बैठक भत्ता समेत जम्मा रु. २९९२०००।०० खर्च गरेको छ । पदाधिकारी बैठक भत्ता शिर्षकबाट भएको कुल खर्च मध्ये मिति २०८०।०७।२३ मा भौचर नं. १४० बाट खाना खाजा लगायत विविध खर्चको रु. ७६२५०।०० र मिति २०८१।०३।२१ मा भौचर नं. ६०७ बाट २३ जना जनप्रतिनिधिको बीमा शुल्क भुक्तानी भएको रु. २३००००।०० समेत जम्मा रु. ३०६२५०।०० बजेटमा विनियोजित शिर्षक भन्दा फरक प्रयोजनमा भुक्तानी गरी खर्च लेखेको पाइयो । यसरी बजेटमा विनियोजन भए भन्दा फरक शिर्षकबाट खर्च रकम नियम सम्मत नदेखीएकोले नियमित हुनुपर्ने रु.

अनियमित भएको	३,०६,२५०

३७ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय सरकारले व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविध खर्चतर्फ रु. २५ लाख विनियोजन गरेकोमा रु. २५ लाख नै खर्च लेखेको छ । पालिकाले विविध खर्च शिर्षकबाट चालु प्रकृतिका खर्च गर्दा मितव्ययी र औचित्यपूर्ण तवरले खर्च गर्नुपर्दछ ।

३८ **आँखा उपचार केन्द्र सञ्चालनः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत स्वास्थ्य खण्डमा स्थानीय स्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचरात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन गर्ने विषय उल्लेख छ । पालिकाले स्थानीय समुदायमा आँखा सम्बन्धी स्वस्थ्य सेवा सञ्चालन गर्न वार्षिक बजेटमा आँखा उपचार केन्द्र स्थापना शिर्षकमा रु. ६०००००।०० बजेट विनियोजन गरेको छ । केन्द्र सञ्चालनको लागि पालिकाले भरतपुर आँखा अस्पतालसँग मिति २०८०।०६।२६ मा ५ वर्षको लागि आँखा उपचार केन्द्र सञ्चालन सम्झौता गरेको देखिन्छ । सम्झौता अनुसार आँखा उपचार केन्द्रको लागि आवश्यक औषधि, उपकरणहरु र जनशक्तिको व्यवस्था भरतपुर आँखा अस्पतालले गर्ने र केन्द्र

सञ्चालनको लागि पालिकाले भवन तथा वार्षिक रुपमा रु. ६०००००।०० भरतपुर आँखा अस्पताललाई उपलब्ध गराउनुपर्ने देखिन्छ । केन्द्रको प्रभावकारी र गुणस्तरीय सञ्चालनको लागि ७ सदस्यीय आँखा उपचार केन्द्र सहयोग समित गठन गरिने र केन्द्रबाट बिरामीसँग लिइएको नयाँ रजिष्ट्रेशन शुल्कको १० प्रतिशत रकम आँखा उपचार केन्द्र सहयोग समितिलाई दिइने उल्लेख छ । उक्त समिति गठन भएनभएको तथा समितिले के कसरी काम गरिरहेको छ भन्ने बारे यकीन अभिलेख उपलब्ध छैन । केन्द्रले यस वर्ष बिरामीसँग लिएको नयाँ रजिष्ट्रेशन शुल्क तथा त्यसबाट आँखा उपचार केन्द्र सहयोग समितिलाई उपलब्ध गराएको रकम स्रेस्ता विवरणबाट खुलेको छैन । पालिकाले यस वर्ष भरतपुर आँखा अस्पताललाई रु. ६०००००।०० भुक्तानी गरेको छ तर आँखा उपचार केन्द्र सञ्चालन सम्बन्धमा पालिकाले कुनै पनि अनुगमन तथा मूल्याङ्कन नगरी भरतपुर आँखा अस्पतालले पेश गरेको आवधिक प्रतिवेदन तथा निवेदनको आधारमा भुक्तानी गरेको देखिन्छ । तसर्थ आँखा उपचार केन्द्रमा अस्पतालले खटाएको जनशक्ति, केन्द्रबाट प्रवाह भएको सेवा र सोको प्रभावकारिता तथा सम्झौता बमोजिम सङ्कलित सेवा शुल्क बाँडफाँड सम्बन्धमा अनुगमन मूल्याङ्कन गरी आँखा उपचार केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३९ **पशुजन्य औषधि खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा लागत अनुमान टुक्रा गरी खरिद गर्नुहुँदैन भन्ने व्यवस्था उल्लेख छ । पालिकाले यो वर्ष टुक्रा गरी निम्नानुसार रु. १०४९२३० को पशुजन्य औषधि सोझै खरिद गरेको पाइयो । पालिकाले मालसामान खरिद गर्दा खरिद ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरुको पालना गर्नुपर्दछ ।

भौचर नं.	भुक्तानी पाउने	रकम रु.	कैफियत
२-२०८०।११।०९	कस्तुरी भेट फर्मा प्रा.लि.	३९९१७०	सेवा केन्द्र तथा शाखाबाट ५० % अनुदानमा वितरण गर्न औषधि खरिद
७-२०८०।१२।१४	दर्शन भेट फर्मा	६९४२०	बाख्रा पालन सम्बन्धी औषधि
८-२०८०।१२।१४	कस्तुरी भेट फर्मा प्रा.लि.	५८६२०	पशु सुत्केरी स्यहार
१२-२०८१।०२।०७	दर्शन भेट फर्मा	३५७३००	निःशुल्क पशु स्वास्थ्य शिविर
१५-२०८१।०३।१२	कस्तुरी भेट फर्मा प्रा.लि.	१६४७२०	सेवा केन्द्र तथा शाखाबाट वितरण गर्न औषधि खरिद
	जम्मा रु.	१०४९२३०	

४० **कृषिमा अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट १०६५ जनाको लागि रु. २३ लाख ९६ हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नुगराउनु पर्दछ ।

क्र.सं.	अनुदानको किसिम	लाभान्वितको संख्या	बजेट रु. (रु. हजारमा)	खर्च रु. (रु. हजारमा)	खर्च प्रतिशत
१	आकस्मिक बाली संरक्षणकार्यक्रम	६५८	१५०	१४९.६०	१००
२	तरकारी बालि प्रवर्धनकार्यक्रम	२७३	२९३	२९२.९५	१००
३	च्याउ प्रबर्धनकार्यक्रम	६६	४०	३८.१०	९५
४	मौरी प्रवर्द्धनकार्यक्रम	१०५	२००	१८९.५२	९५
५	नविनतम कृषि प्रविधिप्रवर्द्धन	१०८	२५०	२४८.४०	९९
६	मागमा आधारित कृषिकार्यक्रम	२१	७००	६३५.३२	९१
७	गत वर्ष स्थापित तरकारी बाली पकेट विकास कार्यक्रम निरन्तरता	३३	५००	४३०.०७	८६
८	खाद्यान बालीको उन्नतबीउ उपयोगमा अनुदान (धान, गहुँ,मकै)	नखुलेको	११७५	४१२.५८	३५
	जम्मा	१५६५	३३०८	२३९६.५४	७२%

४१ **सामाजिक सुरक्षा तर्फः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८०।८१ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. १०५६७८०००।०० विनियोजन भएकोमा रु. १०५५२६३३३।०० खर्च भएको छ । सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न छन्।

४१.१ **सूचना प्रवाहः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानिय तहले सम्बन्धित गाउँ सभा तथा नगर सभामा पेश गर्नुपर्ने र स्थानीय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिको बुँदा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए बमोजिम पालिकाले नियमित रुपमा लाभग्राहीहरुको नाम नामेसी वेबसाइटमा अद्यावधिक गरेको भए तापनि स्थानीय तहको कार्यालय र वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गरेको पाइएन । समाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको पालना गर्नुपर्दछ।

४१.२ **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन। कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाई गरी भत्ता वितरण सम्बन्धमा छलफल गर्नुपर्दछ ।

४२ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । सहायता वितरण सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र सहायताको प्रयोजन तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नु पर्दछ । पालिकाले आर्थिक सहायता वितरण गर्न अन्य सामाजिक सुरक्षा शिर्षकमा रु. २५ लाख बजेट विनियोजन गरेकोमा यस वर्ष यस वर्ष कार्यपालिकाको पटके निर्णय र नगर प्रमुखको तोक आदेश बमोजिम आर्थिक सहायता

वितरणमा रु. १५ लाख १५ हजार खर्च गरेको पाइयो । तर यसरी वितरण गरेको आर्थिक सहायता खर्च सम्बन्धी विवरण सार्वजनिक गरेको नदेखिएकोले आर्थिक सहायता प्राप्त गर्ने लाभग्राहीको एकीकृत अभिलेख राखी सहायता वितरण सम्बन्धी खर्च विवरण नियमित रुपमा वेबसाइटबाट सार्वजनिक गर्नुपर्दछ ।

४३ **सहकारी अनुगमन तथा नियमनः**

पालिकाको कार्यक्षेत्र भित्र रहेका पालिका भित्रका सहकारीहरुको अनुगमन तथा नियमन गरी चुस्त रुपमा सञ्चालन हुने वातावरण पालिकाले सुनिश्चित गर्नुपर्दछ । यस पालिकाको अभिलेख तथा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस पालिकामा दर्ता रहेका १२ वटा सहकारीहरु मध्ये ६ सहकारीले नियमित रुपमा पालिकामा प्रतिवेदन बुझाउने गरेको र बाँकी ६ सहकारीले नियमित रुपमा पालिकामा प्रतिवेदन नबुझाएको पाइयो । सञ्चालित १२ वटा सहकारीमा ५३७४ शेयर सदस्य सो बराबरकै संख्यामा बचतकर्ता रहेको देखिन्छ । कुल बचत निक्षेप रु. ७ करोड ४३ लाख २६ हजार ८४९ रहेकोमा कुल ऋण प्रवाह रु. ५ करोड ७४ लाख ९३ हजार ४३७ भएको मध्ये भाखा नाघेको ऋण असुली हुन बाँकी नरहेको पाइयो । पेश भएको प्रतिवेदन अनुसार पालिकामा सञ्चालित सहकारी मध्ये आधा सहकारीहरुले नियमित रुपमा प्रतिवेदन बुझाउने नगरेको पाइएकोले पालिकाको अनुगमन र नियमन फितलो भएको कारण सर्वसाधारणको बचत जोखिममा पर्न सक्ने भएकोले पालिकाले अनुगमन तथा नियमनलाई चुस्त बनाई सर्वसाधारणको बचत सुरक्षित हुने वातावरण बनाउनुपर्ने देखिन्छ ।

४४ **सडक बोर्ड निकासाः**

सडक बोर्ड नियमावली, २०६० को नियम ९ अनुसार कुनै नगरपालिकाले आयोजना स्वीकृत गरी रकम माग गर्नको लागी सडक वोर्डमा पठाएमा र सडक बोर्डले सो आयोजना आफ्नो वार्षिक कार्यक्रममा राख्ने गरी स्वीकृत गरेमा सो स्वीकृत रकमको ७० प्रतिशत सम्म सडक वोर्डले व्यहोर्ने व्यवस्था गरेको छ । सडक वोर्डबाट च.नं. ४६८ मिति २०८०।०८।०१ मा योजना माग भए बमोजिम यस पालिकाबाट च.नं. ८६१ मिति २०८०।१०।२१ मा बेलुवा लाईब्रेरी चोक देखी गिरुवारी चोक सम्म सडक स्तरोन्नती योजना स्वीकृत गर्न सडक बोर्ड पठाएको पाईयो । सडक वोर्डले रु. २५०००००.०० व्यहोर्ने गरी योजना छनौट गरी पठाउन पत्राचार गरेको र सो अनुसार यस पालिकाले मिति २०८१।०३।३० मा रु. ३३१६५०२.०० कवोल रकममा निर्माण व्यवसायीसँग सम्झौता गरेको पाईयो । तर सडक बोर्डबाट सहमती दिए अनुसारको रकम प्राप्त नभएकोले सम्झौता गरिएका आयोजनाको काम सुरु नै गरेको देखिएन । सडक बोर्डले देहायका आयोजनामा सहमति दिए पनि हाल सम्म निकासा भएको नदेखिँदा आयोजना अलपत्र पर्ने देखिएकोले यस तर्फ सम्बन्धित निकायको विशेष ध्यान जानु पर्दछ ।

४५ **स्वयंसेवक शिक्षक परिचालन कार्यक्रमः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (९) मा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । सोही व्यवस्था बमोजिम संघ सरकारले शिक्षकहरुको पारिश्रमिकको लागि स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दै आएको छ । पालिकाले यस वर्ष शिक्षा सम्बन्धि ऐन वनाएर सो ऐनमा व्यवस्था गरी स्वयंसेवक शिक्षक अनुदान शिर्षकमा बजेट विनियोजन गरी विद्यालयहरुलाई स्वीकृत शिक्षक दरबन्दी भन्दा बाहिरका स्वयंसेवक शिक्षक तलब भत्ताको लागि देहाय बमोजिम रु. १३४७३०००।०० खर्च निकासा गरेको पाईयो पालिकाले घटी दरबन्दी रहेको विद्यालयको लागी संघीय सरकारबाट दरवन्दी थप गर्न अनुरोध गरी आवश्यक दरबन्दीमा कानून बमोजिम पदपूर्ति गर्नु पर्दछ ।

विवरण	रकम रु.	कैफियत
३१ वटा विद्यालयलाई निकासा	११८१७०००	८० जना स्वयंसेवक शिक्षकको लागि
२ वटा विद्यालयलाई थप निकासा	१६५६०००	कक्षा ११, १२ का ४ जना शिक्षकको लागि
जम्मा निकासा रु.	**१३४७३०००**	

४६ **विद्यालयको लेखापरीक्षणः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१० मा सामाजिक परीक्षण तथा लेखापरीक्षणको लागि अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष

३९ वटा विद्यालयहरुलाई सामाजिक परीक्षण तथा लेखापरीक्षण कार्यको लागि रु. ४५५०००.०० निकासा दिएकोमा हालसम्म पनि सामाजिक परीक्षण तथा लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको पाइएन । तसर्थ सम्बन्धित विद्यालयहरुबाट समाजिक परीक्षण तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४,५५,०००

४७ **सेनिटरी प्याड खरिदः**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **२३७,१०४.५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४८ **प्राविधिक शिक्षालय सञ्चालन अनुदानः**

प्राविधिक शिक्षालय सञ्चालन सम्बन्धी कार्यविधि बनाई पालिकाले यो वर्ष प्राविधिक शिक्षालय सञ्चालन अनुदान बापत रु. ५० लाख अनुदान दिएको छ । हुप्सेकोट प्राविधिक शिक्षालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम यस पालिकामा सञ्चालित प्राविधिक शिक्षालयको सम्पूर्ण हिसाब किताबको आन्तरिक र बाह्य लेखापरीक्षण वार्षिक रुपमा गाउँ शिक्षा समितिले तोकेको लेखापरीक्षकबाट गराउनुपर्ने उल्लेख भएकोले गाउँपालिकाले शिक्षालयलाई निकासा गरेको रकम बाहेक सोको खर्चको लेखापरीक्षण गरिएको छैन ।

४९ **फरक शिर्षकमा खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष सेवाको पहुँचबाट टाढा रहेका समुदायमा आँखा शिविर, पाठेघर परीक्षण शिविर, मुटुरोग, मधुमेह रोग सम्बन्धी निःशुल्क शिविर सञ्चालन शिर्षकबाट अहेव छैटौँ कृष्णप्रसाद सापकोटालाई भौचर नं. ४७ - २०८१।०३।२४ बाट प्राथमिक अस्पताल भवन निर्माण सम्बन्धी कागजात पेश गर्न निम्नानुसार अवधिको दैनिक तथा भ्रमण भत्ता भुक्तानी गरेको रु. २५६०० फरक शिर्षकमा खर्च गरेको देखिएकोले नियमित हुनुपर्ने रु.

अनियमित भएको	२५,६००

५० **बिल भर्पाईः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) बमोजिम कुनै पनि कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा खर्च प्रमाणित हुने बिल बीजक संलग्न गरेर भुक्तानी गर्नुपर्दछ । पालिकाले गर्भवती आमा, कोरोना भाइरस Covid - 19 सङ्क्रमण सँगै अति जोखिमपूर्ण औलो तथा डेंगु रोग सङ्क्रमण रोकथाममा सहयोग पुर्याउने सुपानेट झुल वितरण कार्यलाई निरन्तरता कार्यक्रम अन्तर्गत २९२ थान सुपानेट झुल खरिद बापत रुप्सा मेडिसेल्स प्रा.लि.लाई भौचर नं. ४४ - २०८१।०३।२२ बाट रु. १९९६२५ भुक्तानी गरेकोमा खरिद भएको झुल मध्ये ९४ वटा वितरण भएको परपाई पेश गरेको र १९८ वटा झुल अझै बाँकी रहेको पाईयो । पालिकाले बाँकी रहेको झुल लक्षित समुदायमा वितरण भएको भरपाई पेश नभएकोले सो १९८ वटा झुलको खरिद मुल्य रु. १३५३६३.०० बरारबको झुल सम्बन्धितलाई वितरण भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,३५,३६३

५१ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
गाउँपालिका पुँजीगत	८२०३७४७०	९९९४९९६	१९४०७०३५	२१५१०४८९	३११२४९५०	२५६५६४५८
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	२६२६७४६९	०	६५५००००	६९२८७१८	१२७८८७५१	८७२९८५३
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम	७६३१७२७	०	६२५०००	१२५००००	५७५६७२७	४७५२९६४
जम्मा खर्च	११५९३६६६६	९९९४९९६	२६५८२०३५	२९६८९२०७	४९६७०४२८	३९१३९२७५
खर्च प्रतिशत	१००	८.६२	२२.९३	२५.६१	४२.८४	३३.७६

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ११५९३६६६६ पुँजिगत खर्चको निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ९९९४९९६ (८.६२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २६५८२०३५ (२२.९३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २९६८९२०७ (२५.६१ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ४९६७०४२८ (४२.८४ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३९१३९२७५ (३३.७६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५२ **त्रुटिपूर्ण DPR प्रतिवेदन स्वीकृतिः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क बमोजिम सुरूको लागत अंकमा पच्चीस प्रतिशतभन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाईन गरेको कारणले खरिद कार्य प्रभावित भइ त्यस्तो डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानून बमोजिम कारबाहीको भागिदार हुने व्यवस्था गरेको छ । यस पालिकाको शित भण्डार निर्माणको लागी DPR गर्न स्टार ट्रेड एण्ड ईन्जिनियरिङ्ग प्रा.लि. लाई दिएकोमा यस कार्यालयले मिति २०७९।०३।२५ मा गो भौ नं २४ बाट सो परामर्शदातालाई रु ९९१५७५.०० भुक्तानी गरी शित भण्डारको अन्तिम DPR स्वीकृत गरेको पाईयो । परामर्श दाताले भवनको DPR सँगै सो शितभण्डारमा जडान हुने मेसिन तथा उपकरण समेत भवनको लागत सहितको प्रतिवेदन पेश गरेको पाईयो । परामर्शदाताले शितभण्डारको लागी आवश्यक उपकरण तथा मेसिनमा Refrigeration system with condensing unit MEC-400C compressor with 3.2HP with emersions. Refrigerant R-22 with…… सहितका ६ सेट र अन्य साईजका ५ सेट गरी कुल ११ सेट उपकरण आवश्यक पर्ने गरी BOQ तयार गरेको पाईयो । परामर्शदाताको प्रतिवेदनलाई कार्यालयले स्वीकार गरी सो अनुसारनै बोलपत्र आह्वान गरी खरिद सम्झौता गरेको अवस्थामा निर्माण व्यवसायीले सो R-22 Gas प्रयोग हुने मेसिन तथा उपकरण खरिद गरी जडान गर्नु पर्ने अवस्था देखिन्छ । नेपाल सरकारले मिति २०७१।०९।०७ मा नेपाल राजपत्रमा सुचना प्रकासन गरी वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी हाइड्रोक्लोरोफ्लोरोकार्बन (HCFC) मा आधारित कुनै पनि उपकरणहरु जस्तैः रेफ्रिजेरेटर, एयर कन्डिसनर, चिलर, Deep Freeze, Cooling Machine, Heat Pump, Chiller Plant/Cold Storage लगायत रेफ्रिजेरेन्ट ग्याँस (Refrigerant gas) रसायन/पदार्थ प्रयोग हुने उपकरण समेतको पैठारी, विक्री वितरण र प्रयोगमा मिति २०७३ पुस १७ गतेदेखि लागू हुने गरी प्रतिबन्ध लगाएको भनी सुचना प्रकासन गरेको छ । साथै, हाल नेपालभित्र पैठारी तथा उपभोग भइरहेका क्लोरोडाइफ्लोरोमिथेन (CHF_2CI) र हाइड्रोक्लोरोफ्लोरोकार्बन (HCFC 22) को हकमा कोटा तोकी Gas आयात गर्न दिने तर नया उपकरणहरु खरिद गर्न पुर्ण रुपमा रोक लगाउने गरी सार्वजनिक सुचना निकालेको अवस्थामा परामर्शदाताले मित २०७९ असारमा सो प्रतिवेदन पेश गरी Refrigerant R-22 सहितको उपकरण राख्ने गरी सुझाएको छ । नेपाल सरकारले पुर्ण प्रतिवन्ध लगाएका उपरकण प्रयोग तथा उपयोग गर्ने गरी सुझाव दिने गरी प्रतिवेदन पेश गरी आर्थिक वर्ष २०७८।७९ मा भुक्तानी भएको रु. ९९१५७५.०० उपयोग विहिन देखिँदा DPR तयार गर्ने परामर्शदातालाई पेश गरेको प्रतिवेदन सम्बन्धमा जिम्मेवार बनाउनु पर्दछ ।



खण्ड ६४ संख्या ३० नेपाल राजपत्र भाग ५ मिति २०७१।९।७

भाग ५

नेपाल सरकार

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको

सूचना १

नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी हाइड्रोक्लोरोफ्लोरोकार्बन (HCFC) मा आधारित कुनै पनि उपकरणहरु जस्तै: रेफ्रिजेरेटर, एयर कन्डिसनर, चिलर, Deep Freeze, Cooling Machine, Heat Pump, Chiller Plant/Cold Storage लगायत रेफ्रिजेरेन्ट ग्याँस (Refrigerant gas) रसायन/पदार्थ प्रयोग हुने उपकरण समेतको पैठारी, बिक्री वितरण र प्रयोगमा मिति २०७३ पुस १७ गतेदेखि लागू हुने गरी प्रतिबन्ध लगाएको छ। साथै, हाल नेपालभित्र पैठारी तथा उपभोग भइरहेका क्लोरोडाइफ्लोरोमिथेन (CHF_2Cl) र हाइड्रोक्लोरोफ्लोरोकार्बन (HCFC - 22) को देहाय बमोजिम विस्थापन गर्ने गरी तालिका निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ:

SN	Targeted Time Period	Schedule	Chlorodifluoro methane, CHF_2Cl (Hydrochlorofluro carbon, HCFC -22), Annex - C , Group I, Ozone Depleting Potential (ODP) = 0.055 Nepal HCFC Phase out Target
1	2011 – 2014	Freeze at Baseline	23.04 Metric Tonnes (MT)
2	2015	10% reduction	20.736 MT
3	2017	20% reduction	18.43 MT
4	2020	50% reduction	11.52 MT
5	2022	60% reduction	9.26 MT
6	2025	97.5 reduction	0.576 MT except 2.5% for servicing use until 2030
7	2030	100% reduction	

५३ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५४ **प्रशासकीय भवन निर्माणः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **८९३,२४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५५ **घटी राजस्व लिएकोः**

प्राकृतिक स्रोत तथा नदि जन्य पदार्थको संकलन तथा उपयोग गर्ने गरि स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था गरिएको छ । कार्यालयले पत्थरखोला तटबन्ध कार्यको लागी निर्माण उपभोक्ता समितिले सोही खोलाबाट ढुंगा संकलन गरि प्रयोग गर्ने भनी ६६२ घन मिटर ढुङ्गा वापत रु. २३७५०५.०० संकलन गरी पालिकाको संचित कोषमा दाखिला गरेको पाईयो । तर निर्माण कार्यमा ११९२ घ.मी. ढुंगा प्रयोग भएको र जम्मा ६६२ घ.मी. को मात्र राजश्व संकलन गर्दा ५३० घ.मी. को राजश्व गुमेको पाईयो । त्यसैले यस निर्माण कार्यमा प्रयोग भएको तर राजश्व संकलन गर्न छुट भएको ५३० घ.मी. को प्रति घ. मि. ३५८.८० का दरले हुने रु. १९०१६४.०० सम्बन्धित कार्यको निर्माण उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	१,९०,१६४

५६ **नागरिक आवास कार्यक्रमः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५७ **यन्त्र उपकरण सञ्चालनः**

पालिकामा भारी यन्त्र उपकरणको रुपमा ब्याक हो लोडर र ट्याक्टर एकएक थान रहेका छन् । व्यवसायिक रुपमा समेत प्रयोग गरी आय आर्जन गर्न सकिने ब्याक हो लोडरबाट पालिकाले आय प्राप्त गरेको सम्बन्धमा स्पष्ट अभिलेख राखेको देखिँदैन । उल्लेखित भारी

यन्त्र उपकरणहरुको सञ्चालनमा पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत बापत गरेको खर्चको बर्गीकृत र एकीकृत अभिलेख उपलब्ध छैन । पालिकाले उपरोक्त उपकरणहरु सञ्चालनको लागत लाभ विष्लेषण समेत गरेको पाइएन । जसको कारण पालिकाले भारी यन्त्र उपकरण सञ्चालनमा गरेको खर्च सम्बन्धी लेखा अभिलेख व्यवस्थित हुन सकेको छैन । पालिकाको यन्त्र उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता यन्त्र उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

५८ **मसलन्द खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक दश लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नु पर्दछ । सोही नियमावलीको नियम ११ बमोजिम मालसामान खरिद गर्नु अघि खरिद योजना र स्पेशिफिकेशन अनुसार लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले यस वर्ष मसलन्द खर्च शिर्षकमा रु. २० लाख बजेट विनियोजन गरेकोमा खरिद योजना, खरिद कार्यतालिका, मालसामानको स्पेशिफिकेसन र लागत अनुमान बेगर ११ वटा फर्मबाट १२ पटक मसलन्द सामग्री खरिद गरी रु. १९ लाख ७३ हजार खर्च गरेको पाइयो । मालसामानको खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको पूर्ण पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५९ **खरिदको तयारीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने सम्बन्धमा भएको व्यवस्था बमोजिम वार्षिक आवश्यकताको परिमाण विश्लेषण गरी स्पेसिफिकेशन र लागत अनुमान तयार गरि सोही बमोजिम मालसामान तथा सेवाको खरिद व्यवस्थापन गर्नु पर्दछ । यस वर्ष पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च शिर्षकबाट मिति २०८०।०६।०९ मा भौचर नं. ५६ बाट पालिकाको नीति, वार्षिक कार्यक्रम र प्रगति पुस्तक रु. १०८५।०० प्रति थानका दरले ४०० थान छपाइ गरे बापत रु. ४९०४२०।०० भुक्तानी गरी खर्च लेखेकोमा छपाइ सम्बन्धी कार्यको आवश्यकता विश्लेषण र स्पेसिफिकेशन सहितको प्राविधिक लागत अनुमान तयार गरेको देखिएन । यस प्रकारको छपाइ सम्बन्धी सेवा खरिद गर्दा माग तथा आवश्यकताको विश्लेषणका आधारमा स्पेसिफिकेशन सहितको प्राविधिक लागत अनुमान तयार गरी सोही बमोजिम खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : हुप्सेकोट गाउँपालिका, नवलपुर , हुप्सेकोट गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	टंकनाथ घिमिरे	२०७९-१२-१६	२०८०-१२-१६
कार्यालय प्रमुख	हरि प्रसाद पराजुली	२०८०-१२-२२	हाल सम्म कार्यरत
लेखा प्रमुख	राजेन्द्र प्रसाद रेग्मी	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,६६६,१६२.०७	२,०३०,२९६.११	७६९,८२३	०	०	७,३७०,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१२,८३६,२८१.१८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,४५१,७४५.५७
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	११,३८४,५३५.६१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५०२३६७१९.९५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३१६००५९९९	चालु खर्च	३१३३८२४१६.०८
प्रदेश सरकारबाट अनुदान	१७९२७३००	पूँजीगत खर्च	११५९३६६६६
राजश्व बाँडफाँट	९५३०१९९१.५५	वित्तीय/अन्य व्यवस्था	१४४६४००५०.५४
आन्तरिक आय	८३२७६२२.०		
अन्य आय	१२६७८७४१९.६३		
कुल आय	५६४३५०३३२.१८	कुल खर्च	५७३९५९१३२.६२
बाँकी मौज्दात		४०६२७९१९.५१	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।